DAILY NEWSLETTER

As of Dec2 1, 2025

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

NEPSE दबाबमा, रातो क्यान्डलसहित २५९३ मा बन्द

आजको कारोबार सत्रमा NEPSE सूचकांक २६१४ अंकबाट सुरु भएको थियो। सुरुवाती चरणमा बजारले माथिल्लो स्तरमा टिक्ने प्रयास गरे पनि त्यो गति कायम राख्न सकेन र बिस्तारै बिक्री दबाब बढ्दै गयो।

कारोबारको क्रममा सूचकांक पहिलोपटक २५९७ अंकसम्म झर्‍यो, त्यसपछि केही सुधार गर्दै २६०७ अंकसम्म पुगेको देखियो। तर यो सुधार दीर्घकालीन बन्न सकेन। विक्रेताको दबाब कायमै रहेपछि सूचकांक पुनः तल झर्दै २५८७ अंकको इन्ट्राडे न्यूनतम स्तर छोयो, जसले बजारमा कमजोर मनोविज्ञान झल्कायो।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Below छ ।
MACD	नेप्सेमा हाल MACD मा Buying (Weak) देखिएको छ ।
RSI	RSI 49 पुगेको देखिन्छ ।

Support	2560-2530
Resistance	2690-2680

सत्रको अन्तिम समयमा सूचकांकमा सीमित सुधार आए पनि बजार अन्ततः २५९३ अंकमा बन्द भयो। दैनिक चार्टमा बनेको ठूलो रातो क्यान्डल ले आजको सत्रभरि बिक्री दबाब हावी रहेको संकेत गर्छ। लगातार तल्लो हाई र तल्लो लो बन्नुले छोटो अवधिमा बजार कमजोर अवस्थामा रहेको देखिन्छ।

प्राविधिक रूपमा हेर्दा, २६०० अंकमाथि टिक्न नसक्नु ले यो स्तर हालका लागि प्रतिरोध (Resistance) को रूपमा काम गरिरहेको संकेत गर्छ। यदि आगामी सत्रहरूमा पनि बिक्री दबाब कायमै रह्यो भने बजारले तल्लो समर्थन स्तरहरूको पुनः परीक्षण गर्न सक्छ। तर बलियो भोल्युमसहित २६०० माथि पुनः प्रवेश गर्न सकेमा छोटो अवधिको सकारात्मक धारणा फर्किन सक्छ।

9709043043

www.sarbaguna.com

sarb.agun
sarbaguna.investm
Sarbaguna Investment